## कार्यपालिका वैठक नं.१० आ.व.२०८१- ०८२ (२०८१/११/१३

आज मिति २०८१/११/१३ गतेका दिन बिहान ८ : ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो ।

### उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | बसुन्धरा |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव | विष्णु प्रसाद शर्मा | |
| १६ | प्रशा. सहायक | अपेक्षा [illegible] चुमान | |
| १७ | प्रशा. अधिकृत | शर्मिला अधिकारी | |
| १८ | का. सहयोगी | विमला ढकाल | |

Scanned with CamScanner

**कार्यपालिका वैठक नं.१०आ.व.२०८१- ०८२ (२०८१/११/१३ का प्रस्तावहरु सम्बन्धमा ।**

१. समिक्षा सम्वन्धमा ।

२. वालश्रम मुक्त स्थानीय निर्माण सम्वन्धमा ।

३. योजना/कार्यक्रम सम्वन्धमा ।

४. जरिवाना सम्वन्धमा ।

५. अतिरिक्त सेवा सुविधा सम्बन्धमा ।

६. विविध सम्वन्धमा ।

**कार्यपालिका वैठक नं.१०आ.व.२०८१- ०८२ (२०८१/११/१३ का निर्णयहरु ।**

**निर्णय नं. १ : समिक्षा सम्बन्धमा ।**
क) अघिल्लो कार्यपालिकाको वैठकवाट गरिएका निर्णयहरुको कार्यान्वयन सम्वन्धमा छलफल तथा समीक्षा गरियो ।

**निर्णय न.२ : बालश्रम मुक्त स्थानीय तह निर्माण सम्बन्धमा ।**
यस आँवुखैरेनी गाउँपालिकालाई वालश्रममुक्त पालिका निर्माण गर्नको लागि आवश्यक योजना कार्यक्रमहरु तत्काल सञ्चालन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ३. कार्यक्रम सम्बन्धमा ।**
**क) राष्ट्रिय मगर दिवश कार्यक्रम सम्बन्धमा ।**
यस आँवुखैरेनी गाउँपालिकाको अर्न्तगत नेपाल मगर संघ आँवुखैरेनी तनहुँले यहि मिति २०८१/११/१५ गतेका दिन अन्तराष्ट्रिय मगर दिवशको अवसरमा मगर एकता हाम्रो अभियान, लोक कला संस्कृती हाम्रो पहिचान भन्ने मुल नाराका साथ साँस्कृतिक तथा खेलकुद कार्यक्रम सञ्चालन गरी मगरहरुको सशक्तिकरणमा टेवा पुर्याउने उदेश्यका साथ आवश्यक बजेट माग भएको हुँदा उक्त कार्यक्रमको लागि गाउँकार्यपालिकाको स्वीकृत उपाध्यक्षसँग लक्षित वर्ग सशक्तिकण खर्च शिर्षकवाट भुक्तानी हुनेगरी जम्मा रु.९५,०००/-(अक्षररुपी पन्चानव्वे हजार रुपैंया मात्र ।)विनियोजन गर्ने निर्णय गरीयो ।

**ख) विपद व्यवस्थापन सम्बन्धमा ।**
यस आँवुखैरेनी गाउँपालिका वडा नं. १ स्थित आँधिखोला कृषि मार्ग वर्षाको कारण क्षतिग्रस्त भएको हुँदा मर्मतको लागि बजेट माग भएको हुँदा गाउँकार्यपालिकाको स्वीकृत प्रकोप व्यवस्थापन खर्च शिर्षकबाट भुक्तानी हुनेगरी प्राविधिक स्टीमेट बमोजिम मर्मतको लागि बजेट विनियोजन गर्ने निर्णय गरीयो ।

**ग) अध्यक्ष जनस्वास्थ्य कार्यक्रम सम्बन्धमा ।**
यस आँवुखैरेनी गाउँपालिकाको नीति तथा कार्यक्रम वमोजिम विगतको वर्ष झैं यस वर्ष पनि गाउँपालिका र नेलम्वो नेपाल (विपन्न समुदाय र जैविक विविधता सहयोगी संस्था, नेपाल) को साझेदारीमा निशुलक दन्त शिविर सञ्चालन गर्नको लागि सहकार्यको लागि पेश भएको निवेदन उपर छलफल गरी गाउँपालिका र नेलम्वो नेपाल (विपन्न समुदाय र जैविक विविधता सहयोगी संस्था,

Scanned with CamScanner

नेपाल)को साझेदारीमा निशुल्क दन्त शिविर मिति २०८१/११/१८ देखि २०८१/११/२२ (५ दिन) आँबुखैरेनी ६ प्युघर शहरी स्वास्थ्य केन्द्रमा सञ्चालन गर्ने निर्णय गरीयो ।
साथै उक्त कार्यको लागि जनशक्ति, औषधि, उपकरण लगायतको खर्च सम्वन्धित सँस्थाले व्यवस्थापन गर्ने र गाउँपालिकाले खाना, आवास, यातायात खर्च र नगद रु.१,२५,०००/-(अक्षररुपी एक लाख पच्चीस हजार रुपैंया मात्र ।) गाउँकार्यपालिकाको स्वीकृत अध्यक्ष जनस्वास्थ्य कार्यक्रम खर्च शिर्षकवाट भुक्तानी हुनेगरी साझेदारी गर्ने निर्णय गरीयो ।

घ) पालिका स्थापना दिवश सम्बन्धमा ।
यस आँबुखैरेनी गाउँपालिकाको स्थापना दिवशको अवसरमा पालिकाको विकासको लागि विभिन्न क्षेत्रमा रहि महत्वपुर्ण योगदान पुर्‍याउनुभएका व्यक्तित्वहरुलाई सम्मान गर्ने निर्णय गरीयो । सो को लागि सम्बन्धित वडाहरुले आफ्नो वडाका नागरीहरुको नामावली विवरण सम्मान गर्नुपर्ने कारण सहित आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरीयो ।

निर्णय नं. ४ : जरिवाना सम्बन्धमा ।
साविक आँबुखैरेनी गा.वि.स.वडा नं.४ हाल आँबुखैरेनी गाउँपालिका वडा नं.२ निवासी रघुलालको नाती, तुल बहादुरको छोरा भेष बहादुर गुरुङको नाममा दर्ता सञ्चालित एस जि रोडा ढुङ्गा उद्योगले कित्ता नं.२७६१ (हालको गाउँपालिका कार्यालयको उत्तर तर्फको जग्गा) को सार्वजनिक जग्गामा निर्माण सामग्री भण्डारण गरेबापत निजलाई साविकमै (२०५९ साल असार २ गते) गा.वि.स.ले निर्णय गरी वार्षिक रु.५,०००/- का दरले रकम लिने गरी जग्गा उपभोगको अनुमति दिएकोमा हालसम्म निजवाट रकम दाखिला नभएको हुँदा साविकमा भएको सोहि निर्णय बमोजिम नै हालसम्मको हर्जाना सहित हुन आउने रकम निज भेष बहादुर गुरुङलाई यथासिघ्र आँबुखैरेनी गाउँपालिका कार्यालयको आन्तरिक राजश्व खातामा दाखिला गर्न लगाउने निर्णय गरीयो ।

निर्णय नं. ५ : कर्मचारी अतिरिक्त सेवा सुविधा सम्बन्धमा ।
यस आँबुखैरेनी गाउँपालिकाद्धारा सञ्चालित आँबुखैरेनी अस्पतालमा कार्यरत तपशिलका कर्मचारीहरुलाई कामकाजको आधारमा तपशिल वमोजिमको अतिरिक्त सेवा सुविधा प्रदान गर्ने निर्णय गरीयो ।
तपशिल :
क) मेडिकल अफिसर डा.रञ्जित यादवलाई नेपाल सरकारले निर्धारण गरेको तलवस्केल र कार्यालय समय बाहेक अतिरिक्त समयमा कामकाज गरेवापत प्रोत्साहन स्वरुप कामकाज गरेको कागजातको आधारमा फागुन महिनादेखि लागु हुनेगरी मासिक रुपमा थप रु.१५,०००/-(अक्षररुपी पन्ध हजार रुपैंया मात्र ।), अतिरिक्त सेवा सुविधा प्रदान गर्ने निर्णय गरीयो ।

ख) एनेस्थेसिया एसिस्टेन्ट भानु अर्याललाई कार्यालय समय बाहेक अतिरिक्त समयमा कामकाज गरेबापत कामकाज गरेको कागजातको आधारमा चैत्र महिनादेखि लागु हुनेगरी मासिक रुपमा थप रु.२५,०००/-( अक्षररुपी पच्चीस हजार रुपैंया मात्र ।) अतिरिक्त सेवा सुविधा प्रदान गर्ने निर्णय गरीयो ।

ग) आँबुखैरेनी अस्पतालमा ओ.टी.(अप्रेशन/शल्यक्रिया) मा कामकाज गरेबापत मेजर ओ.टी.मा खटिने कर्मचारीहरुलाईं प्रमाणित कागजातको आधारमा प्रति अप्रेशन शुल्कको पच्चीस प्रतिशत रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने । २५ प्रतिशत बापत हुन आउने रकमलाई शत प्रतिशत मानी सो को ५० प्रतिशत रकम नर्सिङ कर्मचारीलाई, ३० प्रतिशत मेडिकल अफिसर र २० प्रतिशत सहयोगी कर्मचारीलाई उपलब्ध गराउने निर्णय गरीयो ।

Scanned with
CamScanner